# गोरखापत्र संस्थान

## प्रकाशन बिक्री वितरण निर्देशिका

## २०५९

(परिमार्जित एवं संशोधन २०७०)

# गोरखापत्र संस्थान

# प्रकाशन बिक्री वितरण निर्देशिका २०५९

गोरखापत्र संस्थानका प्रकाशनहरू नेपाल *राज्य* मा तथा विदेशमा समेत सुव्यवस्थित ढङ्गबाट बिक्री वितरण गर्न गोरखापत्र संस्थानले यो निर्देशिका बनाएको छ।

**१. परिभाषा :**

(क) संस्थान भन्नाले गोरखापत्र संस्थान केन्द्रीय कार्यालयलगायत यसको सम्पर्क कार्यालय, व्यूरो कार्यालय, प्रशाखा कार्यालय र शाखा कार्यालयसमेत सम्भनुपर्छ।

(ख) प्रकाशनहरू भन्नाले संस्थानबाट प्रकाशित दैनिक गोरखापत्र, दि राइजिङ्ग नेपाल, मासिक प्रकाशनहरू मधुपर्क, युवामञ्च र मुना आदिलाई सम्भनुपर्छ वा संस्थानबाट प्रकाशित अन्य प्रकाशनहरूलाई सम्भनुपर्छ।

(ग) पत्र-पत्रिका भन्नाले संस्थानका प्रकाशनहरूलाई सम्भनुपर्छ।

(घ) निर्धारित मूल्य भन्नाले संस्थानबाट समय-समयमा निर्धारित गरेको मूल्यलाई सम्भनुपर्छ।

(ङ) एजेण्ट भन्नाले संस्थानको नियमानुसार नेपाल *राज्य* का विभिन्न स्थानमा र आवश्यकताअनुसार विदेशमा समेत, संस्थानका प्रकाशनहरू बिक्री वितरणको लागि नियुक्त व्यक्ति वा फर्म वा सङ्गठित संस्थालाई सम्भनुपर्छ।

(च) स्थायी ग्राहक भन्नाले संस्थानले निर्धारण गरको अवधिको लागि प्रकाशन शुल्क बुझाई ग्राहक हुनेलाई सम्भनुपर्छ।

(छ) प्रमाणपत्र भन्नाले संस्थानले निर्धारण गरेको अवधिको लागि प्रकाशन शुल्क बुझाई ग्राहक हुनेलाई सम्भनुपर्छ।

(ज) समिति भन्नाले गोरखापत्र संस्थानको सञ्चालक समिति भन्ने सम्भनुपर्छ।

**२. एजेण्टको व्यवस्था :**

संस्थानको नियमानुसार नेपाल *राज्य* का विभिन्न स्थान तथा आवश्यकताअनुसार विदेशमा समेत संस्थानका प्रकाशनहरू बिक्री वितरणका लागि एजेण्टको नियुक्ति गरिनेछ।

**३. फुट्कर बिक्रीको व्यवस्था :**

*(परिमार्जित एवं संशोधन २०७० बाट हटाइएको)*

**४. एजेण्टले पाउने सुविधा :**

(क) संस्थानबाट बिक्री वितरणको लागि पठाइने प्रकाशनहरू निश्चित गरेको क्षेत्रको विमानस्थल वा बस बिसौनी वा हुलाकसम्म संस्थानबाट पठाइने छ, सो पछिको ढुवानी गरी लैजान लाग्ने भाडा वापत सम्पूर्ण रकम एजेण्टले व्यर्होनु पर्नेछ ।

(ख) एजेण्टले संस्थानको दैनिक प्रकाशनहरू बिक्री गरेबापत १५०० प्रतिसम्म निर्धारित मूल्यको ३० प्रतिशतका दरले र सोभन्दा बढी बिक्री गर्नेलाई सम्पूर्ण बिक्री सङ्ख्याको ३५ प्रतिशतका दरले कमिशन पाउनेछ। एजेण्टले आफूले उठाइरहकौ पत्रिका संख्यामा नघट्ने गरी नयाँ ग्राहकको नाम, ठेगाना र सम्पर्क नं. सहितको लिष्ट ल्याई सोको वार्षिक शुल्क संस्थानमा बुझाएमा पाउने कमिशनमा ५ प्रतिशत थप कमिशन दिइनेछ। नवीकरण गरिएका पुराना ग्राहकहरूको हकमा थप कमिशन दिइने छैन।

(ग) मासिक प्रकाशनको हकमा ५०० प्रतिसम्म ३०% र सोभन्दा माथि सम्पूर्ण बिक्री संख्यामा ३५% र ग्राहक बनाएमा प्रतिग्राहक ५% थप कमिसन दिने।

(घ) *नयाँ एजेण्ट लिनको लागि नगरपालिकामा ५० प्रति, उपमहानगरपालिकामा १०० प्रति र मा.न.पा.मा २०० प्रति गोरखापत्र दैनिक तोक्ने र ती बाहेकका सहरउन्मुख क्षेत्रहरू र गाविसहरुका लागि दैनिक प्रकाशन २५ प्रति तथा*

*अन्य प्रकाशनहरुको हकमा निजले उठाउन चाहेको संख्यामा दिइनेछ ।*

**५. एजेण्टले पालन गर्नुपर्ने अन्य शर्तहरु :**

(क) एजेण्टले आफ्नो कार्यालय बाहिर वा पसलमा *संस्थानका प्रकाशनहरु* सबैले देख्नेगरी अनिवार्य रूपले डिस्प्ले गर्ने र संस्थानका प्रकाशनहरूको वार्षिक/अर्थ वार्षिक ग्राहक दरसमेत उल्लेख गरी संस्थानको एजेण्ट भन्ने साइनबोर्ड राख्नु पर्नेछ ।

(ख) एजेण्टले संस्थानले निर्धारित गरेको प्रकाशनको मूल्यमा नबढाई तोकिएको क्षेत्रभित्र पत्र-पत्रिका बिक्री वितरण गर्नुपर्नेछ ।

(ग) एजेण्टले संस्थानबाट प्राप्त भएका प्रकाशनहरू प्राप्त हुनासाथ तुरून्त ग्राहकहरूलाई उपलब्ध गराउनुपर्ने र बिक्री वितरण गर्नुपर्नेछ ।

(घ) एजेण्टले आफ्नो ठेगाना परिवर्तन गर्नु परेमा पूर्व सूचना लिखितरूपमा दिए मात्र ठेगाना परिवर्तन गर्न सक्नेछ ।

(ङ) एजेण्टले आफ्नो एजेन्सी छाड्नु परेमा १ महिना अगावै संस्थानमा लिखित सूचना दिनुपर्नेछ ।

(च) एजेण्टले आफ्नो एजेन्सी संस्थानको पूर्व स्वीकृति बेगर अन्य कसैलाई हस्तान्तरण गर्न पाउने छैन ।

(छ) एजेण्टलाई संस्थानबाट प्रत्येक महिनामा बिल पठाइने छ । सो बिल प्राप्त भएपछि सोको भुक्तानी नगद वा बैङ्क ड्राफ्टद्वारा अर्को महिनाको मसान्तभित्र संस्थानमा अनिवार्यरूपमा पठाउनु पर्नेछ । निर्धारित समयमा भुक्तानी प्राप्त नभएमा प्रकाशनहरू पठाउन आंशिक वा पूरै रोक लगाई अर्को एजेण्टको व्यवस्था गरिनेछ । यसबाट एजेण्टलाई कुनै हानी नोक्सानी भएमा संस्थान जिम्मेवार हुनेछैन ।

(ज) दैनिक तथा मासिक प्रकाशनहरू बिक्री नभएमा संस्थनले निर्णय गरेअनुसार फिर्ता लिन सक्नेछ ।

(झ) यो निर्देशिका लागू हुनुभन्दा अघि नियुक्ति भएका एजेण्टहरूले पनि यसै निर्देशिकाअन्तर्गत रही कारोबार गर्नुपर्ने छ ।

(ञ) *एजेण्टलाई पठाएको पत्र-पत्रिकाहरू २४ घण्टाभित्र प्राप्त नभएमा वा अपूग भएमा सोको जानकारी तुरुन्त गराई ३ दिनभित्रमा संस्थानमा प्राप्त हुने गरी लिखित जानकारी गराउनु पर्नेछ । अन्यथा एजेण्टलाई पूरै पत्रिका पुगेको ठहरिने छ ।*

(ट) एजेण्टले पत्र-पत्रिका नपाएको वा घटी वा बढी भएको सम्बन्धमा गरेका दाबी संस्थानले छानबिन गरी उचित ठहर हुन आएमा मात्र सोको क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

(७) नेपाल सरकारको भौगोलिक वर्गीकरणअनुसार हुने गरी दुर्गम र अति दुर्गम क्षेत्रमा नियुक्ति भएका एजेण्टहरूले एजेण्ट नियुक्त गरिएको जिल्ला सीमा क्षेत्रभित्र मात्र हुलाकद्वारा ग्राहक बनाई पठाएका पत्रिकाहरूको लागेको हुलाक खर्चको मात्र प्रमाणसहितको रसिद नियमपूर्वक संस्थानमा उपलब्ध गराएमा एक आर्थिक वर्षभित्र परीक्षण स्वरूप सो हुन आउने खर्च सम्बन्धित एजेण्टहरूलाई फिर्ता दिइनेछ ।

**६. एजेण्ट हुने विधि :**

एजेण्ट हुनको लागि देहाय बमोजिमका कागजात संलग्न राखी आफूले बिक्री वितरण गर्ने क्षेत्रसमेत तोकी दरखास्त दिनुपर्नेछ ।

(क) एजेण्टको लागि रू.१००/- दरखास्त दस्तुर लाग्नेछ ।

(ख) एजेण्टले संस्थानका प्रकाशनहरू बिक्री वितरणका लागि निम्न बमोजिम नगद धरौटी राख्नुपर्नेछ । तर यस्तो धरौटी रकम हिसाब गर्दा एजेण्टले पाउने कमिशन कट्टा गर्न पाउनेछ ।

*१. सबै क्षेत्रहरुमा नयाँ एजेन्ट लिनको लागि निजले उठाउन चाहेको पत्रिका संख्याको ३ महिना बराबरको रकम धरौटी राख्नुपर्नेछ । एजेण्टले माग गरेको प्रकाशन संख्याको ३ महिना बराबरको रकम ।*

(ग) एजेण्ट हुन चाहनेले नेपाल सरकारको सम्बन्धित कार्यालयमा रजिष्टर्ड फर्म वा सङ्गठित संस्था भए सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(घ) *व्यक्ति, फर्म तथा प्राइभेट संगठित संस्था भए व्यक्ति, फर्म, प्राइभेट संगठित संस्थाको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति र*



ख २- पूरै हटाइएको

*तोकिएको ढाँचामा निवेदन दस्तुर वापत रु.५००/- पेश गर्नुपर्नेछ साथै सरकारी तथा नेपाल सरकारको स्वामित्व रहेको संगठित संस्थाको हकमा भने संस्थानको निर्णय तथा सम्बन्धित संगठित संस्थाको निर्णय बमोजिम हुनेछ ।*

(ङ) *(परिमार्जित एवं संशोधन २०७० द्वारा हटाइएको)*

**७. संस्थानको अधिकार :**

(क) संस्थानले जुनसुकै समयमा पनि एजेण्टले प्रकाशनहरू यो निर्देशिका बमोजिम बिक्री वितरण गरे नगरेको *अनुगमन* गर्न सक्नेछ ।

(ख) कुनै एजेण्टले यो निर्देशिका बमोजिम काम नगरेको वा कुनै किसिमबाट संस्थालाई हानी नोक्सानी पुऱ्याएको वा प्रकाशन बिक्री वितरणमा लापरवाही वा बदनियत गरेको र संस्थानलाई भुक्तानी गर्नुपर्ने रकम *भुक्तानी नगरेमा* संस्थानले एजेण्टलाई प्रदान गरेको एजेन्सी मान्यता निलम्बन वा खारेजी गरी हानी नोक्सानीको रकम निजले संस्थानमा राखेको धरौटी रकमबाट कट्टी गरी असुल उपर गर्न सक्नेछ । सोबाट पनि संस्थानको हानी नोक्सानी वा बाँकी रकम असुल उपर नभएमा निजलाई प्रशासनिक तथा कानुनी कारवाहीसमेत गरी निजको घर *सरकारी बाँकी वक्यौंतासरह* निजको जायजेथाबाट असुल उपर गर्नेछ ।

(ग) *कुनै एक एजेण्ट नियुक्ति भएको क्षेत्रमा संस्थानको आवश्यकतानुसार अर्को एजेण्ट नियुक्ति गरिनेछ ।*

(घ) संस्थानले आवश्यकताअनुसार समय–समयमा एजेण्टहरूलाई प्रकाशन बिक्री वितरणसम्बन्धी निर्देशन दिन सक्नेछ ।

(ङ) एजेण्टले संस्थानबाट प्राप्त बिलको भुक्तानी तोकिएको समयमा नगरेमा संस्थानले निजको धरौटी रकमबाट कट्टा गरी लिनेछ । यसरी कट्टी गरिएको धरौटी रकम जम्मा नगरेमा संस्थानले विना सूचना एजेन्सी स्थगित वा खारेज गर्नेछ ।

(च) संस्थानको हितलाई ध्यानमा राखी एजेण्ट नियुक्ति गर्ने नगर्ने सर्वाधिकार संस्थानमा सुरक्षित रहनेछ ।

(छ) *(परिमार्जित एवं संशोधन २०७० द्वारा हटाइएको)*

(ज) संस्थानले नयाँ प्रकाशनहरू प्रवर्द्धन गर्ने हेतुले आवश्यक ठहऱ्याएको इलाकामा बिक्रीका लागि पठाइएको प्रकाशनहरू बिक्री वितरण नभएमा त्यस्तो प्रकाशन बिक्रीका लागि पठाइएको मितिले *संस्थानको निर्णयानुसार* फिर्ता बुझाउनुपर्नेछ ।

(झ) *(परिमार्जित एवं संशोधन २०७० द्वारा हटाइएको)*

**८. एजेण्टको नवीकरण :**

(क) एजेण्टलाई जारी गरेको प्रमाणपत्रको अवधि ३ वर्षको लागि हुनेछ ।

(ख) प्रमाणपत्रको अवधि समाप्त हुनुभन्दा ३ महिना अगावै एजेण्टले आफ्नो प्रमाणपत्रको नवीकरण गर्नुपर्नेछ । *त्यसरी नवीकरण गरिएको प्रमाणपत्रको अवधि ३ वर्षको लागि मान्य हुनेछ ।*

(ग) नवीकरण बापत रू.३००/– दस्तुर लाग्नेछ ।

**९. मध्यस्थता :**

संस्थान र एजेण्टबीच मतभेद भएमा भरसक आपसी छलफलद्वारा तय गरिनेछ । सो हुन नसकेमा उत्पन्न विवाद समाधानको लागि संस्थानको सञ्चालक समितिमा मध्यस्थताको लागि पेश गरिनेछ र सञ्चालक समितिको निर्णय अन्तिम हुनेछ ।

**१०.** संस्थानमा हाल प्रचलित प्रकान बिक्री निर्देशिका २०५३ लाई खारेज गरिएको छ ।

**११. विविध** : *यस निर्देशिकामा नपरेका विषयहरू समयानुकूल संस्थानको निर्णय बमोजिम हुनेछ ।*

❑ ❑ ❑

# दरखास्तको ढाँचा

**श्री गोरखापत्र संस्थान**
**धर्मपथ, काठमाडौं।**

**विषय :– एजेण्ट हुन पाँउ।**

**महोदय,**

त्यस संस्थानका प्रकाशनहरू बिक्री वितरण गर्न मेरो/हाम्रो इच्छा भएकोले देहाय बमोजिमको व्यहोरा खोली रू.१००/– दस्तुर साथ राखी यो दरखास्त पेश गरेको छु /छौं। एजेण्ट भई संस्थानको प्रकाशन बिक्री वितरण निर्देशिका–०५९/७० (परिमार्जित एवं संशोधन २०७०) को अधीनमा रही पत्रपत्रिका बिक्री वितरणको काम गर्न मञ्जुर छ/छौं। राख्नुपर्ने धरौटी रकम दरखास्त स्वीकृत भएपछि बुझाउने छु/छौं। एजेण्ट हुन पाउँ।

१. (क) दरखास्तवालाको पूरा नाम, थर.........................................................................................................

फर्म वा संगठित संस्था भए मुख्य अधिरकारीको नाम,थर.......................................................................

ठेगाना.............................................................................................................................................

(ख) प्रकाशन पुऱ्याउने नजिकको हुलाक वा विमानस्थल वा बस बिसौनी...........................................................

२. प्रकाशन बिक्री वितरण गर्ने क्षेत्र (इलाका वा स्थानहरू)

३. **संलग्न आवश्यक कागजात**

१.

२.

३.

४.

५.

उपर्युक्त व्यहोरा ठीक साँचो छ। झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

..............................................................

**दरखास्तवालाको दस्तखत**

मिति ......................

# कबुलियतनामाको ढाँचा

लिखितम् ............................................को नाति ................................................................. को छोरा .............................अञ्चल .........................जिल्ला वडा नं.............. गाउँ/टोल .................... हाल अञ्चल ....................... जिल्ला.................... वडा नं. ............. गाउँ/टोल.....................बस्ने ..................वर्ष ......................तर्फबाट त्यस गोरखापत्र संस्थानबाट प्रकाशित पत्र–पत्रिकाको बिक्री वितरण गर्नको लागि संस्थानको प्रकाशन बिक्री वितरण निर्देशिका–२०५९ बमोजिम ............ एजेन्ट हुन इच्छा भई दरखास्तसमेत स्वीकृत भएकोले यो निर्देशिकापछि संशोधन हुने निर्देशिकासमेतको अन्तर्गत रही कारोबार गर्न मेरो/हाम्रो मञ्जुर छ। उक्त निर्देशिका उल्लंघन भएमा वा गरेमा वा संस्थानलाई तिर्न/बुझाउनपर्ने रकम समयमा नबुझाएमा गोरखापत्र संस्थानले मेरो घरघराना चल–अचल श्रीसम्पत्तिबाट कानुन बमोजिम असूल गरी लिइमा मेरो मञ्जुरी छ भनी निम्न लिखित साक्षीहरूको रोहवरमा मेरो/हाम्रो मञ्जुरीले..............................................ठाउँमा बसी यो कबुलियतनामा लेखी सहीछाप गरिदिएको छु/छौं। यस बारेमा पछि कुनै किसिमको उजुरी दावी गर्ने छैन गरेमा यो कबुलियतनामाको कागजबाट मेरो उजुरी दावी बदर होस्।

**साक्षी**

१.

२.

३.

कबुलियत गर्नेको रेखात्मक

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

कबुलियत गर्नेको दस्तखत :

पूरा नाम :

ठेगाना :

इति सम्बत् ............. साल .............. महिना ...... गते ........................ रोज शुभम्।

---

# प्रमाणपत्रको ढाँचा

## गोरखापत्र संस्थान
## एजेण्टको प्रमाणपत्र

श्री...............................................................ठेगाना...................................लाई .......................... निम्नलिखित क्षेत्र (इलाका वा स्थानहरू) को लागि यस संस्थानको प्रकाशनहरू बिक्री वितरणगर्ने एजेण्ट नियुक्ति गरिएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ। तोकिएको समयमा संस्थानलाई भुक्तानी गर्नुपर्ने रकम भुक्तानी प्राप्त नभएमा एजेन्सी मान्यता स्वतः रद्द हुनेछ।

यो प्रमाणपत्र २०........साल................महिना.........गतेदेखि २०..............साल ................महिना ............गतेसम्म कायम रहेको छ। यो प्रमाणपत्र नवीकरण नभएमा स्वतः रद्द भएको मानिनेछ।

**क्षेत्रहरू :**

**प्रमाणपत्र दिने अधिकारीको दस्तखत**

**नाम, थर :–**

**पद :–**

**मिति :–**

# साइनबोर्डको ढाँचा

प्रमाणपत्र नं.......................

**गोरखापत्र संस्थानको एजेण्ट :**

**एजेण्टको नाम तथा ठेगाना :**

यहाँ संस्थानको निम्नलिखित प्रकाशनहरू पाइन्छ :

१. गोरखापत्र (दैनिक)

२. दि राइजिङ्ग नेपाल (दैनिक)

३. मधुपर्क (मासिक)

४. युवामञ्च (मासिक)

५. मुना (मासिक)